# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टङ्गाल, काठमाडौं

मिति: २०८२।०८।२८ गते।

## प्रेस विज्ञप्ति

**विषयः प्रतिवादी बिरेन्द्र मल्लसमेत रहेको गैरकानूनी लाभ वा हानी पुऱ्याई भ्रष्टाचार गरेको मुद्दामा विशेष अदालतबाट भएको फैसलाउपर आयोगलाई चित्त नबुझी सम्मानित सर्वोच्च अदालतमा पुनरावेदनको निवेदन दर्ता गरिएको।**

अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट **सोरु गाउँपालिका गाउँ कार्यापालिको कार्यालय मुगुका तत्कालीन प्रमुख प्रशासकीय अधिकृत बिरेन्द्र मल्ल** समेतका प्रतिवादीहरु उपर सोरु गाउँपालिका वडा नं. ७ अन्तर्गत दाक्च-ख्याल्च सडक निर्माणमा स्वीकृत लागत इष्टिमेट विपरित निर्माण कार्य गरी नापी किताब सहितको विवरणमा नभएको कामसमेत भएको भनी उल्लेख गरी गराई वास्तविक कार्य भन्दा बढी रकम भुक्तानीको लागी सिफारिस गरी भुक्तानीसमेत लिई/दिई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ग) र (ङ) बमोजिमको कसूर गरेकोले बिगो रु.१३,७२,३४०।४५ कायम गरी सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम कैद र बिगो बमोजिम जरिवाना गरी बिगो असुल उपर हुन तथा बद्नियतपूर्वक गलत प्रतिवेदन दिई दिन लगाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) बमोजिमको समेत कसूर गरेको हुँदा सोही ऐनको दफा १९ को उपदफा (२) बमोजिम कैद र जरिवाना सजाय हुन मागदाबी लिई विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएकोमा विशेष अदालतले मिति २०८१।०५।३० को फैसलाबाट आंशिक सफाई दिएकोले उल्लिखित फैसलाउपर चित्त नबुझी मिति २०८२।०८।२८ गते सम्मानित सर्वोच्च अदालतमा पुनरावेदनको निवेदन दर्ता गरिएको छ।

सहायक प्रवक्ता
गणेश बहादुर अधिकारी